नेपाल सरकार
**विज्ञापन बोर्ड**
बबरमहल, काठमाडौं

**प.सं. :-** ०८२/८३
**च.नं. :-** ६७१

**मिति :-** वि.सं. २०८३/०३/२५
**ने.स. :-** ११४६ तछलागा,९ बिहिवार

विषयः २०८३ श्रावण महिनामा प्रकाशन गर्न लोककल्याणकारी विज्ञापन पठाइएको सम्बन्धमा ।

श्री सम्पादक/प्रकाशकज्यू,
आ.व. २०७९/०८० को पत्रपत्रिका वर्गीकरण पुनरावलोकन सहितको अन्तिम नतिजासम्बन्धी प्रतिवेदन, २०८२मा परेका पत्रपत्रिकाहरु (सबै)

विज्ञापन (नियमन गर्ने) ऐन २०७६ को दफा ३२, विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ को नियम ६, छापामाध्यमका लागि लोककल्याणकारी विज्ञापन प्रकाशनसम्बन्धी कार्यविधि, २०८२ को दफा ८(२) बमोजिम छापामाध्यमबाट लोककल्याणकारी विज्ञापन प्रकाशन गर्ने प्रयोजनको लागि आ.व. २०७९/०८० को पत्रपत्रिका वर्गीकरण पुनरावलोकन सहितको अन्तिम नतिजासम्बन्धी प्रतिवेदन, २०८२ मा परेका पत्रपत्रिकाले २०८३ साल श्रावण महिनामा प्रकाशन गर्नका लागि लोककल्याणकारी विज्ञापन संलग्न गरी पठाइएको छ। बोर्डबाट उपलब्ध गराइएको लोककल्याणकारी विज्ञापन प्रकाशन गर्दा छापामाध्यमका लागि लोककल्याणकारी विज्ञापन प्रकाशनसम्बन्धी कार्यविधि, २०८२ र देहाय बमोजिम गर्नु/गराउनु हुन निर्णयानुसार अनुरोध छ।

देहायः

१. **छापामाध्यमका लागि लोककल्याणकारी विज्ञापन प्रकाशनसम्बन्धी कार्यविधि, २०८२ संशोधन प्रकृयामा रहेको र लोककल्याणकारी विज्ञापन प्रकाशन वापत पत्रपत्रिकालाई भुक्तानी गरिने रकमको मासिक दर लगायतका विषय परिमार्जन हुनसक्ने भएकोले संशोधित कार्यविधि स्वीकृत नभएसम्मका लागि हाललाई २०८३ श्रावण महिनामा लोककल्याणकारी विज्ञापन प्रकाशन गर्न ईच्छुक पत्रपत्रिकाले मात्र प्रकाशित गर्ने साथै प्रकाशित गरेका पत्रपत्रिकाले विल बीजक जारी नगर्ने र सम्बन्धित बोर्ड/हुलाक निर्देशनालय/जिल्ला हुलाक कार्यालयहरुले उक्त महिनामा लोककल्याणकारी विज्ञापन प्रकाशित गरेका पत्रपत्रिका तथा विल बीजक हाललाई नबुझ्ने।**
२. छापामाध्यमका लागि लोककल्याणकारी विज्ञापन प्रकाशनसम्बन्धी कार्यविधि, २०८२ को दफा ११ बमोजिमको आकार र अङ्कमा विज्ञापन प्रकाशन गर्नु हुन।
३. पत्रसाथ उपलब्ध गराइएका विज्ञापनहरु २०८३ साल श्रावण महिनाको लागि भएकोले सोही महिनामा मात्र प्रकाशित गर्नु हुन।
४. लोककल्याणकारी विज्ञापन प्रकाशन गर्दा फरक फरक अंकमा नदोहोऱ्याई फरक फरक विज्ञापन प्रकाशन गर्नु हुन।
५. लोककल्याणकारी विज्ञापन प्रकाशन वापतको रकम भुक्तानी पाउन विज्ञापन बोर्डमा अनिवार्य रुपमा सूचीकरण/नविकरण हुनु पर्ने।

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Dilli Ram Subedi
dkt.adm2029@gmail.com

(डिल्ली राम सुवेदी)
शाखा अधिकृत

बोधार्थः
श्री हुलाक निर्देशनालय (सबै)
श्री जिल्ला हुलाक कार्यालय (सबै)
(उल्लिखित व्यवस्था अनुरुप गर्नु/गराउनु हुन।)

इमेलः info@adboard.gov.np फोन नंः +९७७ ०१५९०९३४४ वेबसाइटः https://adboard.gov.np/

# बर्डफ्लुजन्य जोखिमबाट सुरक्षित बनौं

- ❖ कुखुरा तथा पन्छीपालनमा सुरक्षा तथा सावधानीका उपाय अपनाऔं,
- ❖ अस्वस्थ वा मरेका पन्छीको सम्पर्कबाट टाढा रहौं,
- ❖ पन्छी छोएपछि साबुनपानीले राम्रोसँग हात धुने बानी बसालौं,
- ❖ कुखुरा तथा अण्डा राम्ररी पकाएर मात्र खाने गरौं,
- ❖ पन्छीपालन क्षेत्र र वरपरको वातावरण सफा राखौं,
- ❖ शंकास्पद लक्षण देखिए वा पन्छी मरेमा सम्बन्धित निकायलाई जानकारी गराऔं,
- ❖ पन्छीको अवैध ओसारपसार र बिक्री वितरण रोक्न सहयोग गरौं,
- ❖ स्वास्थ्य सुरक्षाका उपाय अपनाई रोगको जोखिम घटाऔं।

**सावधानी अपनाऔं, बर्डफ्लुको जोखिम घटाऔं**

नेपाल सरकार
विज्ञापन बोर्ड

# गुरुहरूप्रति सम्मान व्यक्त गरौं

- ज्ञान, शिक्षा र संस्कार प्रदान गर्ने गुरुहरूको सम्मान गरौं,
- गुरुबाट प्राप्त ज्ञान र मार्गदर्शनलाई जीवनमा आत्मसात् गरौं,
- शिक्षक, अभिभावक र मार्गदर्शक प्रति कृतज्ञता व्यक्त गरौं,
- शिक्षा र ज्ञानको महत्वलाई समाजमा प्रवर्द्धन गरौं,
- नयाँ पुस्तामा अनुशासन, नैतिकता र संस्कारको विकास गरौं,
- गुरु–शिष्य सम्बन्धको गरिमा र परम्परालाई संरक्षण गरौं,
- ज्ञान, सीप र सकारात्मक सोचको विकासमा जोड दिऔं,
- शिक्षामार्फत समुन्नत समाज निर्माणमा योगदान दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# कृषि उत्पादनमा आत्मनिर्भर बनौं

- ❖ आधुनिक प्रविधिको प्रयोग गरी कृषि उत्पादन वृद्धि गरौं,
- ❖ कृषकलाई आवश्यक मल, वीउ समयमै उपलव्ध गराऔं,
- ❖ स्थानीय उत्पादनलाई बजारसम्म पुऱ्याउन बजार संयन्त्रको विकास गरौं,
- ❖ कृषकलाई सीप, तालिम र सहुलियतपूर्ण ऋण उपलव्ध गराऔं,
- ❖ जमिनको संरक्षण गरौं, खेतीयोग्य भूमिको सदुपयोग गरौं,
- ❖ कृषि उत्पादन बढाऔं र कृषि उपजमा आत्मनिर्भर बनौं,
- ❖ नवीन प्रविधि र अवसर उपलब्ध गराई युवाहरूलाई कृषिमा आकर्षित गरौं।

कृषि पेशा प्रति सम्मान र गौरव गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सचेत उपभोक्ता बनौं

सामान खरिद गर्दा देहायका बिषय एकिन गरौः

- ❖ उत्पादकको नाम, ठेगाना र दर्ता नम्बर,
- ❖ वस्तुको उत्पादन मिति र उपभोग गरिसक्नुपर्ने मिति,
- ❖ आयातित वस्तुको हकमा आयातकर्ताको नाम, ठेगाना,
- ❖ वस्तुमा भएको मिश्रण, तौल र परिमाण,
- ❖ वस्तुको अधिकतम् बिक्री मूल्य,
- ❖ गुणस्तर निर्धारण भएको वस्तुको हकमा त्यस्तो वस्तुको गुणस्तर,
- ❖ वस्तुको प्रयोग गर्ने तरीका र प्रयोग गर्नु पूर्वको सावधानी।

सामान खरिद गर्दा सकेसम्म बैंकिङ माध्यमबाट भुक्तानी गरौं

भुक्तानी गरेको मूल्य बराबरको विल लिऔं

नेपाल सरकार
विज्ञापन बोर्ड

# स्वच्छ शहरः स्वस्थ्य शहर

- धुवाँ बढी फाल्ने सवारी साधनको प्रयोग नगरौं,
- सवारी साधनको समय-समयमा मर्मतसम्भार गरौं,
- तोकिएको स्थानमा मात्र फोहोर फालौं,
- नदी किनार, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षारोपण गरौं,
- सार्वजनिक स्थलका बोट-विरुवा तथा फलफूलको संरक्षण गरौं,
- ध्वनि र वायु प्रदुषण कम गरौं,
- सडकको समय-समयमा मर्मतसम्भार गरौं,
- सडकमा निर्माण सामग्री नराखौं।

शहरलाई सफा राखौः सुन्दर बनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# जनावरबाट सर्ने रोगविरुद्ध सावधानी अपनाऔं

- जनावरसँगको सम्पर्कमा सावधानी अपनाऔं,
- जनावर छोएपछि साबुनपानीले हात सफा गर्ने बानी बसालौं,
- पशुपन्छीको स्वास्थ्यमा नियमित ध्यान दिऔं,
- अस्वस्थ वा मरेका जनावरको सम्पर्कबाट टाढा रहौं,
- पशुजन्य खाद्य पदार्थ राम्ररी पकाएर मात्र खाने गरौं,
- पशुबाट मानिसमा सर्न सक्ने रोगबारे सचेत बनौं,
- जनावरमा असामान्य लक्षण देखिएमा सम्बन्धित निकायलाई जानकारी गराऔं।

जनावरको स्वास्थ्य, मानव स्वास्थ्यसँग जोडिएकोले सावधानी अपनाऔं

नेपाल सरकार
विज्ञापन बोर्ड

# भू–संरक्षणमा ध्यान दिऔं

- ❖भू-क्षय र पहिरो नियन्त्रणमा योगदान दिऔं,
- ❖ भिरालो जमिनमा खेती गर्दा गरा बनाई गरौं,
- ❖ भूक्षय रोक्ने रुख, घाँस (अम्रिसो, बाँस) जस्ता बोटबिरुवा रोपौं,
- ❖ बिना अनुमति गिट्टि, बालुवा, माटो, ढुङ्गा उत्खनन नगरौं,
- ❖ भू-बनोट र वातावरणीय अध्ययन गरेर मात्र सडक पूर्वाधार निर्माण गरौं,
- ❖ वन, जलस्रोत र प्राकृतिक सम्पदाको संरक्षण गरौं,
- ❖ भू–संरक्षणमा समुदायको सहभागिता बढाऔं।

भू-रक्षाः जीवनको सुरक्षा

नेपाल सरकार
विज्ञापन बोर्ड

# सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं

- सबै जाति, धर्म, भाषा, संस्कृति र परम्पराको सम्मान गरौं,
- विविधतामा एकता नेपालको पहिचान हो भन्ने भावना विकास गरौं,
- आपसी सम्मान, सहिष्णुता र भाइचाराको सम्बन्ध बलियो बनाऔं,
- सामाजिक विभेद, घृणा र भेदभाव अन्त्य गर्न योगदान दिऔं,
- चाडपर्व, संस्कार र संस्कृतिलाई सद्भावपूर्वक मनाऔं,
- अफवाह, द्वेषपूर्ण सूचना र गलत प्रचारबाट सचेत बनौं,
- संवाद, सहकार्य र समझदारीबाट समस्या समाधान गरौं,
- समावेशी, शान्तिपूर्ण र सभ्य समाज निर्माणमा योगदान दिऔं।

**सामाजिक तथा सांस्कृतिक सद्भाव, समुन्नत समाजको आधार**

नेपाल सरकार
विज्ञापन बोर्ड

# बालबालिकालाई डिजिटल जोखिमबाट सुरक्षित गरौं

- ❖ बालबालिकालाई सुरक्षित र जिम्मेवार डिजिटल प्रयोगबारे सचेत गराऔं,
- ❖ व्यक्तिगत विवरण, पासवर्ड र गोप्य जानकारी सुरक्षित राख्न सिकाऔं,
- ❖ अपरिचित व्यक्तिसँग अनलाइन सम्पर्क गर्दा सावधानी अपनाऔं,
- ❖ शंकास्पद लिङ्क, सन्देश र सामग्रीबाट टाढा रहन प्रेरित गरौं,
- ❖ इन्टरनेट प्रयोगमा अभिभावकीय निगरानी र संवाद बढाऔं,
- ❖ सामाजिक सञ्जालको सकारात्मक र मर्यादित प्रयोग गरौं,
- ❖ अनलाइन दुर्व्यवहार भए/गरेको पाइएमा नजिकको प्रहरी कार्यालयमा खबर गरौं।

**प्रविधिको सही प्रयोगमार्फत बालबालिकाको सुरक्षित भविष्य निर्माण गरौं**

नेपाल सरकार
विज्ञापन बोर्ड

# लागुऔषध दुर्व्यसन नियन्त्रण गरौं

- ❖ लागुऔषधबाट हुने स्वास्थ्य, सामाजिक र पारिवारिक असरबारे सचेत बनौं,
- ❖ युवा तथा बालबालिकालाई सिर्जनात्मक कार्यमा सहभागी गराऔं,
- ❖ साथीको दबाब वा गलत संगतबाट जोगिन प्रेरित गरौं,
- ❖ लागुऔषध कारोबार र दुर्व्यसनविरुद्ध सचेतना बढाऔं,
- ❖ समस्यामा परेकालाई घृणा होइन, सहयोग र पुनर्स्थापनाको अवसर दिऔं,
- ❖ परिवार, विद्यालय र समुदायबीच सहकार्य बढाऔं,
- ❖ लागुऔषध प्रयोग नगरौं/नगराऔं।

लागुऔषध मुक्त, सुरक्षित र जिम्मेवार समाज निर्माणमा योगदान गरौं

नेपाल सरकार
विज्ञापन बोर्ड

# बाढी/पहिरोबाट सचेत होऔं

**बाढी/पहिरो आउनुअघिः**

- ❖ स्थानीय रेडियो वा अन्य माध्यमबाट मौसमको जानकारी लिऔं,
- ❖ खोला, नदी तथा जोखिमपूर्ण ठाउँबाट सुरक्षित स्थानमा जाऔं,
- ❖ घरको नजिक पहिरो खस्न सक्ने ठाउँ भए सावधानी अपनाऔं,
- ❖ आपतकालीन झोला (प्राथमिक उपचार सामग्री, टर्चलाइट, खानेकुरा, लुगालगायत) तयार राखौं,
- ❖ जोखिममा परेका बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिहरूको सुरक्षामा प्राथमिकता दिऔं।

**बाढी/पहिरो आएमाः**

- ❖ अनावश्यक हिंडडुल नगरौं,
- ❖ सुरक्षित स्थानतर्फ जाऔं,
- ❖ विजुलीका तार तथा खम्बाबाट टाढा रहौं,
- ❖ खोलानाला सुरक्षित तवरले तरौं,
- ❖ अफवाह नफैलाऔं, सत्य सूचनामात्र आदान–प्रदान गरौं,
- ❖ घाइते वा फसेका व्यक्तिको उद्धारमा सहयोग गरौं

नेपाल सरकार
विज्ञापन बोर्ड

# सर्पको टोकाइबाट बचौं र बचाऔं

- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं,
- सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- झारफूकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं,
- घरवरपरका सर्प बस्नसक्ने सम्भावित ठाउँको पहिचान गरी व्यवस्थापन गरौं,
- रातको समयमा बुट लगाएर टर्च लाईट बालेर हिड्ने गरौं,
- घरमा सर्प छिर्न सक्ने प्वालहरु बन्द गरौं,
- झुल लगाएर खाटमा सुत्ने गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# लामखुट्टेबाट सर्ने रोगबाट बचौं

- लामखुट्टेको टोकाईबाट औलो (मलेरिया), डेंगी, कालाजार, जापानीज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लाग्न सक्दछ।

**त्यसैले, लामखुट्टेको टोकाईबाट बच्नः**

- घर वरिपरि पानी जम्न नदिऔं,
- घर तथा गोठ वरिपरि सफा सुग्घर राखौं,
- गोठ तथा खोर घरभन्दा टाढा बनाऔं,
- शरिर ढाक्ने कपडा लगाऔं,
- सुत्दा झुल टाँगेर मात्र सुतौं,
- झ्याल तथा ढोकामा लामखुट्टे पस्न नदिन जाली लगाऔं।

**लामखुट्टेको टोकाईबाट बचौं र बचाऔं**

नेपाल सरकार
विज्ञापन बोर्ड

# इलेक्ट्रिक चुरोट (भेप) को प्रयोग नगरौं

- इलेक्ट्रिक चुरोट सुरक्षित विकल्प हो भन्ने भ्रमबाट बचौं,
- निकोटिनयुक्त पदार्थले स्वास्थ्यमा पार्ने असरबारे सचेत बनौं,
- बालबालिका तथा युवालाई इलेक्ट्रिक चुरोटको आकर्षणबाट जोगाऔं,
- धूम्रपान तथा निकोटिनजन्य पदार्थको प्रयोगबाट टाढा रहौं,
- इलेक्ट्रिक चुरोटको प्रयोग र लतबाट बचौं,
- परिवार र समाजमा धूम्रपानमुक्त वातावरण निर्माण गरौं।

**स्वस्थ जीवनशैली र सकारात्मक बानीको विकास गरौं**

नेपाल सरकार
विज्ञापन बोर्ड

# विषाक्त च्याउ नखाऔंः सुरक्षित बनौं

- जंगली च्याउ खानुअघि यसको पहिचान र सुरक्षाबारे सुनिश्चित गरौं,
- अपरिचित च्याउ टिप्ने र खानेबानी त्यागौं,
- विषालु च्याउको प्रयोगबाट हुने स्वास्थ्य जोखिमबारे सचेत बनौं,
- च्याउ खाएपछि असहज लक्षण देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा जाऔं,
- स्थानीय स्तरमा च्याउ विषाक्तता सम्बन्धी जनचेतना फैलाऔं,
- सुरक्षित र पहिचान भएको खाद्य पदार्थ मात्र सेवन गरौं।

**बिषालु च्याउ खाँदा स्वास्थ्यमा ठूलो जोखिम हुन सक्छः सावधानी अपनाऔं**

नेपाल सरकार
विज्ञापन बोर्ड